कार्यपालिका बैठक संख्या :- १०७

बैठक मिति :- २०७८।०५।१९

अध्यक्षता :- नगर प्रमुख श्री द्वारिकलाल चौधरी

निर्णय नं. १

नगरविकास कोषको मिति २०७८।०४।३२ को पत्रानुसार आयोजना माग भई आए बमोजिम तपसिल अनुसारका आयोजनाहरु छनौट गरी पठाउने निर्णय गरियो ।

तपसिल

(१) तालतलैयाको बृहत्तर विकास
(२) भान्सेपोखरी संरक्षण तथा विकास
(३) इटहरी बसपार्क निर्माण
(४) ल्याण्ड पुलिङ्ग (Land-Pooling)
(५) ई-मोविलिटी (E-mobility)

निर्णय नं. २

इटहरी उपमहानगरपालिका चोक वरपर अव्यवस्थित रुपमा सवारी साधनहरु पार्किङ्ग गरि रहेकोमा व्यवस्थित रुपमा साना सवारी साधन पार्किङ्गका लागि उपयुक्त ठाउँको छनौट गरी साना सवारी पार्किङ्गस्थल संचालनका लागि देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

देहाय

१. वडाध्यक्ष वडा नं. ५ श्री कल्याण बहादुर कार्की - अध्यक्ष
२. वडाध्यक्ष वडा नं. ४ श्री चन्द्र प्रसाद भट्टराई - सदस्य
३. वडाध्यक्ष वडा नं. ६ श्री दिपक गौतम - सदस्य
४. वडाध्यक्ष वडा नं. ९ श्री भुपेन्द्र बराल - सदस्य
५. इन्जिनियर श्री उमाशंकर प्रसाद गुप्ता - सदस्य सचिव

निर्णय नं. ३

इटहरी उपमहानगरपालिका नगर स्वास्थ्य विकास समितिको मिति २०७८।०४।०१ गते बसेको बैठक निर्णय नं. १ अनुसार शहरी स्वास्थ्य प्रवर्धन केन्द्र संचालन चालु आ.ब. २०७८।०७९ को मिति २०७८ श्रावण १ गते देखि नै बन्द गर्ने र सो शहरी स्वास्थ्य प्रवर्धन

इटहरी उपमहानगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी

प्रतिलिपी प्रमाणित

नि.प्रमुख प्रशासकीय अधिकृत

केन्द्रमा करार सेवामा कार्यरत स्वास्थ्यकर्मीहरुको करार सेवा अवधि थप नगर्न इटहरी उपमहानगरपालिकालाई सिफारीस गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

इटहरी उपमहानगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता कार्ड दर्ता तथा नविकरण सम्बन्धी विवरण तयार गर्ने क्रममा दोश्रो विवाह नगरेको प्रमाणित कागज, ६० बर्ष सम्म अविवाहित रहेको सिफारीस, बसोबास प्रमाणित सिफारीस, मृत्युदर्ता प्रमाणित तथा सर्जमिन दस्तुर लिईदै आएकोमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यका लागि मात्र निःशुल्क गर्ने र चालु आ.ब.मा लाभग्राहीहरुबाट लिईएको शुल्क समेत फिर्ता गर्ने निर्णय गरियो ।

नि.प्रमुख प्रशासकीय अधिकृत